भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
चलानी नं: १२४१

मिति: २०८१/०१/२५

विषय :- सूचना टाँस गरी जानकारी गराउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) ।
५नं.-लुम्बिनी प्रदेश, नेपाल

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालयको यस चालु आ.व. २०८०/८१को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तेस्रो चौमासिक अवधिमा सञ्चालन हुने **वडास्तरमा र गाउँपालिकास्तरमा उकृष्ट कृषक र उत्कृष्ट विरुवा छनौट तथा सम्मान** कार्यक्रमको लागि दावी/ निवेदन पेश गर्ने सम्बन्धी सूचना त्यहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी वडावासी व्यवसायिक कृषि फार्महरुलाई जानकारी गराई सो को जानकारी पठाउनुहुन अनुरोध छ ।

साथै उक्त **वडास्तरमा र गाउँपालिकास्तरमा उकृष्ट कृषक र उत्कृष्ट विरुवा छनौट तथा सम्मान** कार्यक्रमको लागि दावी/निवेदन पेश गर्ने सम्बन्धी सूचना थान १ (एक) यसै पत्रसाथ संलग्न गरी पठाईएको छ ।

(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्ष:- २०८०/८१
सूचना नं.:- ४२

## वडास्तरमा र गाउँपालिकास्तरमा उकृष्ट कृषक र उत्कृष्ट विरुवा छनौट तथा सम्मान कार्यक्रमको लागि दावी/निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः- वि.सं.२०८१/०१/२५ गते)

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालयको यस चालु आ.व.२०८०/८१ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तेस्रो चौमासिक अवधिमा सञ्चालन हुने ***वडास्तरमा र गाउँपालिकास्तरमा उकृष्ट कृषक र उत्कृष्ट विरुवा छनौट तथा सम्मान कार्यक्रम***मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने ***भूमे गाउँपालिका भित्रका व्यवसायिक कृषि फार्महरु***ले तपशिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी ***यो सूचना प्रकाशित भएको मितिले ७ दिन (वि.सं.२०८१/०२/०१ गते) भित्र*** कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा दावी/निवेदन पेश गर्नुहुन यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

तपशिल:

पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

१. वडास्तरमा र गाउँपालिकास्तरमा उकृष्ट कृषक र उत्कृष्ट विरुवा छनौट तथा सम्मान कार्यक्रमका लागि:

- कृषि फार्मको योगदान विवरण खुलेको दावी/निवेदन र छाप ।
- सञ्चालक/प्रोपाईटरको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७९/८० को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व. २०७९/८० को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- घर/जग्गा/जमिन धनी दर्ता लालपुर्जाको प्रतिलिपी ।
- चालु आ.व.२०८०/८१ मा घर/जग्गा/जमिनको तिरो तिरेको रसिदको प्रतिलिपी ।
- वडास्तरमा र गाउँपालिकास्तरमा उकृष्ट कृषक र उत्कृष्ट विरुवा छनौट तथा सम्मान कार्यक्रममा सिफारिस गरिएको सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस-पत्र ।

.............................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत
स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

.............................
(देवीलाल वि.क)
प्रमुख प्रशासकीय अधिकृत
देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क व्यक्ति:

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२
२. प्रा.स.- मोहन कुमार डाँगी, ९८४७८६१३२९
३. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
४. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५

*पुनश्चः*

- *उल्लेखित वडास्तरमा र गाउँपालिकास्तरमा उकृष्ट कृषक र उत्कृष्ट विरुवा छनौट तथा सम्मान कार्यक्रमका लागि योगदान विवरण खुलेको दावी/निवेदनको ढाँचा/नमूना भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा*

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

*केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु तथा भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेवसाईट* www.bhumemun.gov.np *बाट प्राप्त गर्न सकिनेछ ।*

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-६
## (दफा ४ (घ) संग सम्बन्धित)

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निवेदन फारमको मूल्यांकनका आधारहरु

| क्र.सं. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | स्रोत साधनको स्थिति एवं सदुपयोग | १० | |
| २ | स्थानिय समुदायमा कार्य अनुभवको आदान प्रदान एवं योगदान | २० | |
| ३ | उत्पादन स्थिति | १५ | |
| ४ | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५ | रोजगारी सृजनाको स्थिति | १० | |
| ६ | कृषि व्यवसायमा गरेको आर्थिक लगानी स्थिति | ५ | |
| ७ | कृषि व्यवसायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिति | १० | |
| ८ | विकास कार्यालय एवं प्राविधिकसँगको सम्पर्क स्थिति | ५ | |
| ९ | प्रविधिक ज्ञान सीपबारे जानकारी एवं प्रयोग स्थिति | १० | |
| १० | कृषि व्यवसायको दिगोपना स्थिति | १० | |
| जम्मा | | १०० | |